apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

अपन दैनिक

Apan Dainik National Newspaper

राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१



समाचार पृष्ठ ४

आज हरिबोधिनी एकादशी

● वर्ष: १२ ● अंक: ३०६ ● पृष्ठ: ४ ● ०४ मंसिर २०८३ शुक्रबार (20 November 2026. Friday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

सार्वजनिक पोखरीमा अनधिकृत माछा मारिएको आरोप, प्रशासनमा उजुरी

तीन वर्षदेखि व्यक्तिगत रूपमा माछा मारिएको जनप्रतिनिधिको दाबी, छानबिन र ठेक्का प्रक्रिया अघि बढाउन गाउँपालिकालाई प्रशासनको पत्र

अपन दैनिक संवाददाता
सिरहा, मंसिर ०३ गते

सिरहाको विष्णुपुर गाउँपालिका-३ रजोखैरस्थित करिब सात बिघा क्षेत्रफलमा फैलिएको सार्वजनिक 'बडकी पोखरी' मा अनधिकृत रूपमा माछा मारिएको भन्दै गाउँपालिका कार्यपालिका सदस्य र वडा सदस्यले जिल्ला प्रशासन कार्यालय सिरहामा उजुरी दिएका छन्।

विष्णुपुर गाउँकार्यपालिका सदस्य रामकिशोर साफी र वडा सदस्य अशोककुमार यादवले मंसिर ३ गते जिल्ला प्रशासन कार्यालयमा संयुक्त निवेदन दिँदै सार्वजनिक पोखरीको माछा अनधिकृत रूपमा मारिएको र सार्वजनिक सम्पत्तिको दुरुपयोग भएको आरोप लगाएका हुन्।

उनीहरूले दिएको निवेदनअनुसार स्थानीय सन्तोष यादवले विगत तीन वर्षदेखि गाउँपालिका र वडाको अनुमति तथा ठेक्का प्रक्रियाबिना पोखरीमा माछा मार्दै आएका छन्।



सार्वजनिक पोखरीमा माछा मार्ने कार्य रोक्न वडा अध्यक्ष जयकुमार यादव र गाउँपालिका अध्यक्ष सत्यनारायण यादवलाई पटक-पटक आग्रह गर्दा पनि सुनुवाइ नभएको निवेदकहरूको दाबी छ। उल्टै आफूहरूलाई विभिन्न किसिमका धाकधम्की दिइएको पनि उनीहरूले आरोप लगाएका छन्।

निवेदकहरूले पोखरीबाट मारिएका माछाको क्षतिपूर्ति गाउँपालिकाको खातामा जम्मा गराउन, सार्वजनिक पोखरीको नियमानुसार ठेक्का प्रक्रिया अघि बढाउन तथा ठेक्का पाएको व्यक्तिलाई चलनपुर्जी उपलब्ध गराउन माग गरेका छन्। साथै, सार्वजनिक सम्पत्तिको दुरुपयोगमा संलग्नमाथि आवश्यक कारबाही गर्न पनि उनीहरूले आग्रह गरेका छन्।

उक्त उजुरी जिल्ला प्रशासन कार्यालय सिरहामा मंसिर ३ गते दर्ता नम्बर १९४४ मा दर्ता भएको छ। उजुरी प्राप्त भएपछि सहायक प्रमुख जिल्ला अधिकारी विश्वराज नेपालले सो सम्बन्धमा केकसो भएको हो भन्ने खुलाएर प्रतिवेदन पेस गर्न विष्णुपुर गाउँपालिकालाई पत्राचार गरेका छन्।

जिल्ला प्रशासन कार्यालयको पत्र प्राप्त भएपछि गाउँपालिकाले पनि सार्वजनिक पोखरीको प्रयोगबारे सूचना जारी गरेको छ। गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सत्यदेव लोहारले मंसिर ३ गते जारी गरेको सूचनामा बडकी पोखरीसहित गाउँपालिकाअन्तर्गतका सार्वजनिक पोखरीहरू ठेक्का प्रक्रियामा नगई व्यक्तिगत रूपमा प्रयोग भइरहेको भन्ने मौखिक गुनासो तथा जिल्ला प्रशासन कार्यालयमार्फत उजुरी प्राप्त भएको उल्लेख छ।

गाउँपालिकाले ठेक्का बन्दोबस्त

बाँकी पृष्ठ २ ▸▸

मधेशमा सत्ता गठबन्धनको जोडघटाउ, निर्वाचनसम्मको सहकार्य मुख्य सर्त



अपन दैनिक संवाददाता
जनकपुरधाम, मंसिर ०३ गते

मधेश प्रदेशमा नयाँ सरकार गठनका लागि दलहरूबीच रस्साकस्सी सुरु भएको छ। प्रदेश प्रमुखले दिएको समयसीमा सकिन एक दिन मात्रै बाँकी रहँदा पनि कुन दलको नेतृत्वमा सरकार बन्ने भन्ने टुंगो लागेको छैन।

प्रदेशसभाको अंकगणितले केही गठबन्धनलाई सहज देखाए पनि दलहरूबीचको राजनीतिक अविश्वास र आगामी निर्वाचनसम्मको सहकार्यको सुनिश्चितता नहुँदा सरकार गठनको प्रक्रिया पेचिलो बनेको छ।

अहिले मधेशको सत्ता राजनीतिमा मुख्यत: दुईवटा सम्भावित समीकरण बारे चर्चा भइरहेको छ। पहिलो, प्रदेशसभाको सबैभन्दा ठूलो दल जनता समाजवादी पार्टी (जसपा) नेपाल, एमाले र नेपाली कम्युनिस्ट पार्टीबीचको गठबन्धन।

दोस्रो, एमाले, कांग्रेस र नेपाली कम्युनिस्ट पार्टीबीचको सम्भावित सहकार्य। यीमध्ये कुन समीकरणले आकार लिन्छ भन्ने कुरा दलहरूको नेतृत्व व्यवस्थापन र जनमत पार्टीको राजनीतिक निर्णयमा समेत निर्भर देखिन्छ।

बाँकी पृष्ठ ३ ▸▸

मधेशका स्थानीय तह पनि रास्वपाले 'क्लिन स्वीप' गर्नुपर्छ: मन्त्री सुनिल लम्साल

'१० वर्षको भन्दा बढी बजेट एकैपटक खन्याएका छौं'

अपन दैनिक संवाददाता
सिरहा, मंसिर ०३ गते

सङ्घीय सरकारका भौतिक पूर्वाधारमन्त्री सुनिल लम्सालले आगामी स्थानीय तह निर्वाचनमा मधेश प्रदेशका सबै स्थानीय तहमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले 'क्लिन स्वीप' गर्नुपर्ने बताएका छन्।

रास्वपा जनकपुरधाम नगर कमिटीले बुधबार जनकपुरमा आयोजना गरेको भेटघाट तथा अन्तरक्रिया कार्यक्रममा बोल्दै मन्त्री लम्सालले मधेशमा पार्टीले 'क्लिन स्वीप' गर्ने लक्ष्य राख्नुपर्ने बताएका हुन्।

उनले पार्टीका समर्थक तथा कार्यकर्तालाई कसैसँग डराउनुपर्ने अवस्था नरहेको उल्लेख गर्दै आगामी निर्वाचनमा रास्वपाको पक्षमा मतदान गर्न मतदातालाई आग्रह गरे। उनका अनुसार विगत १० वर्षको बजेट एकमुष्ट जोड्दा पनि चालु आर्थिक वर्षको बजेट बढी रहेको छ। बजेटको तुलनात्मक हिसाब हेरेर मधेशका मतदाताले विगतमा कुन दललाई स्थानीय तहमा मत दिए र त्यसबाट के उपलब्धि भयो भन्ने समीक्षा गर्नुपर्ने उनको भनाइ थियो।

उनले भने, "यस पटक सरकारले सबैभन्दा पहिलो प्राथमिकतामा मधेशलाई राखेको छ। त्यसैले मधेशमा आउँदा हामी छाती फुलाएर भन्न सक्छौं कि सरकारले मधेशलाई



प्राथमिकता दिएको छ।"

मन्त्री लम्सालले विगतका सरकार र राजनीतिक दलले मधेशका लागि गरेको कामको मूल्यांकन गरेर मतदाताले निर्णय लिनुपर्ने बताए। रास्वपाले मधेशका लागि गरेको काम इतिहासमा अन्य कुनै सरकारले नगर्ने दावीसमेत उनले गरे।

मन्त्री लम्सालका अनुसार सडक, पुल, भवन र खानेपानीलगायत भौतिक पूर्वाधारका क्षेत्रमा मधेश प्रदेशले देशकै सबैभन्दा बढी बजेट प्राप्त गरेको छ। यी क्षेत्रमा ५० अर्ब रुपियाँभन्दा बढी बजेट विनियोजन गरिएको उनले बताए।

उनले सङ्घीय सडकका ठेक्का प्रक्रिया क्रमश: अगाडि बढिरहेको जानकारी दिँदै कमला पुललगायत हुलाकी राजमार्गका अधुरा पुल निर्माण सम्पन्न गर्ने सरकारको योजना रहेको बताए। साथै देशभर निर्माण क्षेत्रमा काम गर्ने श्रमिकमध्ये ७० प्रतिशतभन्दा बढी मधेश प्रदेशका रहेको उल्लेख गर्दै मन्त्री लम्सालले श्रमिकको पारिश्रमिक वृद्धि गर्ने निर्णयबाट यस प्रदेशका श्रमिक सबैभन्दा बढी लाभान्वित हुने पनि बताए।

७७ जिल्लामै पुग्यो सरकारी कुरियर सेवा, घरमै पुग्दै राहदानीदेखि लाइसेन्ससम्म

अपन दैनिक संवाददाता
सिरहा, मंसिर ०३ गते

सरकारले 'गभर्मेन्ट कुरियर' सेवा विस्तार तथा आधुनिकीकरणलाई तीव्रता दिएको छ।

हुलाक सेवालाई आधुनिक, प्रभावकारी र नागरिकमैत्री बनाउँदै सरकारी कागजात तथा विभिन्न सामग्री घरदैलोमै पुऱ्याउने उद्देश्यले 'गभर्मेन्ट कुरियर' सेवा विस्तार गरिएको हो।

विभागले राहदानी, नागरिकता प्रतिलिपि, सवारी चालक अनुमतिपत्र, शैक्षिक प्रमाणपत्र, स्वास्थ्य सामग्री, सिमकार्डलगायत सरकारी सामग्री घरमै पुऱ्याउने सेवासहित देशभर हुलाक सेवा सुधारका विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको छ।

विभागले २०८२ चैत २३ गते सिरहाबाट सुरु गरेको घरदैलो सेवा वितरण कार्यक्रम हाल ७७ जिल्लामा विस्तार भएको छ।



उक्त सेवामार्फत नागरिकले सरकारी कागजात तथा विभिन्न सामग्री हुलाकमार्फत घरमै प्राप्त गर्न थालेका छन्।

विभागको २०८३ मंसिर २ गते सम्मको विवरणअनुसार सरकारी कुरियर सेवामार्फत विभिन्न सरकारी कागजात तथा सामग्रीको ढुवानी र वितरणमा उल्लेख्य प्रगति देखिएको छ।

राहदानी वितरणतर्फ जिल्ला प्रशासन कार्यालयसम्म तीन लाख ७० हजार ९२५ राहदानी ढुवानी गरिएको छ भने १२ हजार ४३३ राहदानी हुलाकमार्फत व्यक्तिको घर-घरमा पुऱ्याइएको छ।

सवारी चालक अनुमतिपत्र वितरणका लागि हालसम्म १३ लाख ५३ हजार ९० वटा अनुमतिपत्र सम्बन्धित यातायात कार्यालय र एक हजार १०६ वटा अनुमतिपत्र सेवाग्राहीको घरमै पुऱ्याइएको छ।

बाँकी पृष्ठ ४ ▸▸

बाल अधिकारको रक्षा गरौं

- उचित वातावरण, पोषण, शिक्षा, खेल, मनोरञ्जन र विकासको अवसर पाउनु प्रत्येक बालबालिकाको अधिकार हो,
- शोषण, दुर्व्यवहार र बालश्रमबाट बाल- बालिकालाई बचाऔं,
- बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिऔं।



नेपाल सरकार
विज्ञापन बोर्ड



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

स्थानीय र प्रदेश चुनावबारे दलहरूको मनस्थिति बुझ्दै निर्वाचन आयोग



निर्वाचन आयोगले शुक्रबार प्रतिनिधिसभाको राष्ट्रिय मान्यता प्राप्त दलहरूका शीर्ष नेताहरूलाई छलफलका लागि बोलाएको छ । आयोगले अरु होइन, दलकै शीर्ष नेतृत्वलाई सहभागी हुन पत्र पठाएको छ । पत्रमा एजेण्डाबारे भनिएको छ, 'आसन्न निर्वाचनबारे छलफल गर्ने ।'

कुन/कुन तहको निर्वाचन गर्ने भन्नेबारे स्पष्ट नभएको, मिति यकिन गर्न समेत गाह्रो भएको अवस्थामा आयोगका पदाधिकारीहरूले आपसी सल्लाहबाट 'आसन्न निर्वाचन' शीर्षक राखेर छलफलमा डाकेका हुन् ।

छलफलका लागि राष्ट्रिय दलको मान्यता प्राप्त दलहरू राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा, श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) को मूल नेतृत्वलाई डाकिएको छ ।

प्रमुख निर्वाचन आयुक्त मानबहादुर कार्की आगामी निर्वाचनबारे कुनै छलफल नभएको अवस्थामा सबै दलहरुलाई एक ठाँउमा ल्याउन खोजिएको बताउँछन् ।

'हामीले जसका लागि निर्वाचन गर्ने हो, एकैठाँउमा बोलाएर उहाँहरुको कुरा सुन्छौं, त्यसपछि उहाँहरूको धारणा र मतस्थिति थाहा हुन्छ,' उनी भन्छन्, 'निर्वाचनमा भाग लिने पक्षहरूलाई एकठाँउमा जुटाउन र एकअर्काका कुरा सुन्न पनि त आयोगले छलफल र परामर्श गर्नुपर्‍यो नी, हैन र ?'

जसलाई स्थानीय वा प्रदेश निर्वाचन जुन निर्वाचन पनि भनेर अर्थ लगाउन मिल्छ भने कहिले गर्ने भन्नेबारेमा समेत आयोगले मिति सिफारिस गरिसकेको छैन ।

'हामीले संविधान र कानूनमा भएको व्यवस्था देखाइदिने हो, अनि कुन तहका पदाधिकारीहरूको पदावधि कहिले टुंगिन्छ भनेर बताइदिनेसम्म हो,' निर्वाचन आयुक्त गुरुप्रसाद वाग्लेले भने,' त्यसबारेमा दलका नेतृत्वहरूको धारणा के छ ? कसरी निर्वाचन होस् भन्ने चाहना छ ? भन्ने कुराहरु हामी जान्न चाहन्छौं ।'

आगामी ६ जेठ, २०८४ मा स्थानीय तहका जनप्रतिनिधिहरूको पाँच वर्ष पदावधि सकिन्छ ।

स्थानीय तह निर्वाचन ऐन २०७३ को दफा ३ मा 'गाउँ सभा वा नगर सभाको कार्यकाल समाप्त हुनुभन्दा दुई महिना अगाडि गाँउ/नगरसभा सदस्यको निर्वाचन हुनेछ' भन्ने व्यवस्था छ ।

उक्त कानूनी व्यवस्थाको पालना गर्ने हो भने ६ चैत, २०८२ मा स्थानीय तहको निर्वाचन हुनुपर्छ ।

निर्वाचन आयोगले यही कानूनी व्यवस्था देखाएर राजनीतिक दलहरूसँग आगामी निर्वाचनका बारेमा परामर्श गर्न खोजेको देखिन्छ ।

तर उसले निर्वाचनको प्रस्तावित मिति, निर्वाचन विधि (भौतिक कि इलेक्ट्रोनिक) र विदेशमा भएका नेपालीहरूको मताधिकारका बारेमा समेत दलका शीर्ष नेतृत्वहरूको राय लिने भएको छ ।

चैत वा वैशाखमा स्थानीय निर्वाचन

स्थानीय तहको निर्वाचनसम्बन्धी संवैधानिक र कानूनी व्यवस्था हेर्ने हो भने आगामी चैतको पहिलो सातादेखि वैशाखभित्र निर्वाचन सम्पन्न गरी नतिजा सार्वजनिक गर्नुपर्ने हुन्छ ।

अघिल्लोपटक २०७९ सालमा ३० वैशाखमा देशभर एकसाथ मतदान भएको थियो । २०७४ सालमा चरणबद्ध निर्वाचन भएकाले कुन ठाँउको जनप्रतिनिधिको निर्वाचित मितिलाई आधार मानेर पदावधि गणना गर्ने भन्नेबारे अन्योल भएको थियो ।

त्यसलाई दृष्टिगत गरी आयोगले ६ जेठ २०७९ बाट स्थानीय जनप्रतिनिधिहरूको कार्यकाल गणना हुने भनी निर्वाचन आयोगले नै निर्णय गरेको थियो ।

अघिल्लो पटक निर्वाचनको नतिजा सार्वजनिक हुन नसकेको कतिपय ठाँउमा पुराना जनप्रतिनिधि पदावधि सकिएर घर गएका थिए भने एक वा दुई साताको रिक्ततापछि नयाँ जनप्रतिनिधि चयन भएका थिए । सिद्धान्ततः निर्वाचन आयोगले एकसाथ पुराना जनप्रतिनिधिहरूको बिदाई र नयाँको स्वागत होस् भन्ने चाहन्छ ।

प्रमुख निर्वाचन आयुक्त कार्की निर्वाचन आयोगलाई करिब १२० दिनको तयारी चाहिने बताउँछन् । आगामी चैतमै निर्वाचन गराउने हो भने बढीमा एक/दुई साताभित्र सरकारले निर्वाचनको मिति घोषणा गरिसक्नुपर्नेछ ।

प्रमुख आयुक्त कार्की आयोगले अहिले नै भने निर्वाचनको सम्भावित मितिबारे कुनै छलफल वा गृहकार्य गरिनसकेको बताउँछन् ।

'त्यसैले त हामीले राष्ट्रिय दलका शीर्ष नेताहरू बोलाएर निर्वाचनको मितिबारे छलफल गर्न खोजेका हौं' उनी भन्छन्, 'उहाँहरूको योजना के छ, निर्वाचन कसरी अघि बढोस् भन्ने चाहनुहुन्छ भन्नेबारेको धारणा बुझेपछि हामीलाई थप अघि बढ्न सहज हुन्छ ।'

दलहरूसँग छलफल गरेपछि आयोगले निर्वाचन मितिको सम्भावित खाका बनाउनेछ । अनि आयोगले दिएको परामर्शको आधारमा सरकारले निर्वाचन मिति घोषणा गर्ने कानूनी व्यवस्था छ ।

मतपेटिका कि इ-भोटिङ ? अनि विदेशमा मताधिकार ?

यसअघिकै निर्वाचनमा विद्युतीय मतदानको माग उठिरहेको थियो । तर सीमित अवधि र विशेष अवस्थाको निर्वाचन भएको भन्दै सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले मतपेटिकाबाटै प्रतिनिधिसभा निर्वाचन गराएको थियो ।

आगामी स्थानीय तह निर्वाचनमा फेरि इ-भोटिङको माग उठ्ने निश्चितजस्तै छ । तर अहिलेसम्म आयोगले त्यसको तयारी गरिसकेको छैन ।

'विद्युतीय मतदानका लागि सबैभन्दा पहिले राजनीतिक दलहरूबीच नै सहमतिको आवश्यक पर्छ' एक निर्वाचन आयुक्त भन्छन्, 'स्थानीय तहमा धेरै पदहरूमा मत दिनुपर्ने भएकाले सबैतिर त सम्भव नहोला, तर केही ठाँउमा सांकेतिक रुपमा विद्युतीय मतदानको व्यवस्था भने हुनसक्छ ।'

विद्युतीय मतदानजस्तै अर्को पेचिलो विषय हो, विदेशमा रहेका नेपाली नागरिकको मताधिकार । तर त्यसबारेमा अहिलेसम्म कानून नबनेकाले पहिले कानूनी व्यवस्थाकै प्रबन्ध हुनुपर्ने देख्छन्, निर्वाचन आयुक्त गुरुप्रसाद वाग्ले ।

उनका अनुसार, यो अवधिमा कानूनी प्रबन्ध भइहालेमा केही निश्चित ठाँउमा नमुनाको रुपमा त्यसको अभ्यास हुनसक्छ । अर्कोतर्फ, विदेशमा रहेका नेपालीहरूलाई मताधिकारको व्यवस्था गर्न पनि दलीय सहमति आवश्यक छ ।

उनी भन्छन्, 'अन्य मुलुकहरूको अभ्यास हेर्दा पनि उनीहरूले सबैतिर एकैसाथ यस्तो व्यवस्था लागू गर्नुभन्दा पहिले सानो क्षेत्रमा नमुनाको रुपमा अभ्यास गरेको उदाहरण भेटिने रहेछ ।'

गत निर्वाचनमा नेपालभित्रै अन्यत्र अस्थायी बसोबास गरेका नागरिकहरूका लागि अन्तर निर्वाचन क्षेत्रमा भएपनि मतदानको व्यवस्था गर्नुपर्ने माग उठेको थियो, जुन कार्यान्वयन हुन सकेन । आयोगले त्यतातर्फ ध्यान दिएको र अध्ययन गरिरहेपनि कुनै निष्कर्षमा भने नपुगेको आयुक्त वाग्ले बताउँछन् ।

आयोगकै अर्का एक सदस्यको बुझाईमा विदेशमा बस्नेलाई

बाँकी पृष्ठ ४ ▶▶

सम्पादकीय...

पोखरीमा मृत्युको जोखिममा मौनता कहिलेसम्म ?

सिरहाको गोलबजार नगरपालिका-६ सैनिक चौक टुडकियास्थित पोखरीमा डुबेर एक जनाको ज्यान गएको छ । यो घटनाले पोखरीजन्य दुर्घटनाको जोखिम र नागरिक सुरक्षाप्रति सरोकारवाला निकायको उदासीनतालाई सतहमा ल्याएको छ । सिरहाका विभिन्न गाउँबस्तीमा रहेका पौराणिक, धार्मिक तथा व्यावसायिक प्रयोजनका पोखरीहरू अहिले पनि सुरक्षाका दृष्टिले जोखिमपूर्ण अवस्थामा छन् । पोखरीमा डुबेर बालबालिकादेखि विभिन्न उमेर समूहका व्यक्तिले ज्यान गुमाउँदै आएका छन् । तर यस्ता दुर्घटना दोहोरिरहँदा पनि रोकथामका लागि प्रभावकारी पहल हुन सकेको छैन् । सिरहा जिल्ला पोखरी र जलाशयका हिसाबले महत्वपूर्ण क्षेत्र हो । यहाँका पोखरी धार्मिक, सांस्कृतिक, सामाजिक र आर्थिक जीवनसँग जोडिएका छन् । कतिपय पोखरी पुस्तौंदेखि अस्तित्वमा छन् भने कतिपय व्यावसायिक प्रयोजनका लागि खनिएका छन् । पोखरीको संरक्षण, उपयोग र व्यवस्थापन आवश्यक छ । तर पोखरीको उपयोग गर्दा मानवीय सुरक्षालाई बेवास्ता गर्न मिल्दैन् । पोखरी खन्ने, सञ्चालन गर्ने वा संरक्षण गर्ने जिम्मेवारी लिने पक्षले त्यसबाट उत्पन्न हुन सक्ने जोखिमप्रति पनि उत्तिकै जिम्मेवार हुनुपर्छ ।

विशेषगरी व्यावसायिक प्रयोजनका लागि खनिएका पोखरीहरूमा सुरक्षाको न्यूनतम मापदण्डसमेत पालना भएको देखिदैन् । पोखरीको चारैतिर घेराबार नहुनु, जोखिमबारे जानकारी दिने चेतावनीमूलक बोर्ड नराखिनु, बालबालिकाको सहज पहुँच नियन्त्रण नगरिनु र उद्धारका आवश्यक सामग्रीको व्यवस्था नहुनु गम्भीर चिन्ताको विषय हो । यस्ता लापरवाहीले सामान्य असावधानीलाई पनि जीवन समाप्त हुने दुर्घटनामा परिणत गरिरहेका छन् । हरेक वर्ष पोखरी तथा पानीमा डुबेर ठूलो संख्यामा मानिसको मृत्यु हुने गरेको छ । वर्षेनी सयौं मानिसको ज्यान जाने गरेको भएपनी दुर्घटनाको प्रकृति र जोखिमयुक्त पोखरीहरूको विवरण सार्वजनिक रूपमा व्यवस्थित हुन सकेको छैन् । त्यसैले वास्तविक अवस्था पहिचान गर्न स्थानीय तह, प्रहरी प्रशासन र सम्बन्धित निकायले तथ्यांक संकलन तथा विश्लेषण गर्न आवश्यक छ । कति दुर्घटना भए, कुन उमेर समूह बढी प्रभावित भयो र कुन प्रकृतिका पोखरीमा जोखिम बढी छ भन्ने विषयमा तथ्यमा आधारित अध्ययन हुनुपर्छ । पोखरीको अस्तित्व वा उपयोगको प्रश्न होइन । त्यसको सुरक्षित व्यवस्थापनको हो । कुनैपनि पोखरीमा दुर्घटना भएपछि उद्धार गर्ने, शव निकाल्ने र शोक व्यक्त गर्ने परम्पराले मात्रै समस्या समाधान हुँदैन् । दुर्घटना हुनै नदिने पूर्वतयारी र सुरक्षा व्यवस्था नै प्राथमिकता हुनुपर्छ । पोखरीको चारैतिर सुरक्षित घेराबार, प्रवेश नियन्त्रण, चेतावनीमूलक सूचना बोर्ड, जोखिमयुक्त स्थानको पहिचान तथा आवश्यक उद्धार सामग्रीको व्यवस्था अनिवार्य गरिनुपर्छ । विशेषगरी विद्यालय, बस्ती र बालबालिकाको आवतजावत हुने क्षेत्रनजिकका पोखरीमा थप सतर्कता अपनाउनुपर्छ ।

जोखिम कम गर्न स्थानीय तहको भूमिका महत्वपूर्ण हुन्छ । नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका सार्वजनिक तथा निजी व्यावसायिक पोखरीहरूको लगत तयार गरी जोखिमको वर्गीकरण गर्नुपर्छ । व्यावसायिक पोखरी सञ्चालकलाई सुरक्षाका न्यूनतम मापदण्ड पालना गर्न बाध्य पार्नुपर्छ । नियमित अनुगमन गर्नुपर्छ र मापदण्ड उल्लंघन गर्नेलाई प्रचलित कानुनअनुसार कारबाहीको दायरामा ल्याउनुपर्छ । आवश्यक परे पोखरी सञ्चालनका लागि सुरक्षा मापदण्डसहित अनुमति तथा नवीकरणको व्यवस्था गर्न सकिन्छ । त्यसैगरी जिल्ला प्रशासन कार्यालय, प्रहरी प्रशासन, स्थानीय तह र समुदायबीच समन्वय आवश्यक छ । विद्यालय तथा समुदायमा डुबानबाट बच्ने उपाय, पानीमा दुर्घटना हुँदा अपनाउनुपर्ने सावधानी र प्राथमिक उद्धारसम्बन्धी जनचेतना फैलाउनुपर्छ । स्थानीय युवालाई उद्धारसम्बन्धी आधारभूत तालिम दिनुका साथै आवश्यक उपकरणको उपलब्धता सुनिश्चित गर्नुपर्छ । नागरिकको जीवनरक्षा राज्यको आधारभूत दायित्व हो । पोखरी प्राकृतिक, धार्मिक वा व्यावसायिक जुनसुकै प्रयोजनका लागि भएपनि त्यसले नागरिकको ज्यान लिने जोखिम निम्त्याइरहेको छ भने सम्बन्धित निकायले त्यसप्रति आँखा चिम्लिन मिल्दैन् । दुर्घटनापछि दुःख व्यक्त गर्नेभन्दा दुर्घटना हुन नदिन जिम्मेवारी निर्वाह गर्नु महत्वपूर्ण हुन्छ । सिरहाका सबै स्थानीय तहलाई आफ्ना क्षेत्रका पोखरीहरूको सुरक्षा अवस्थाबारे गम्भीर समीक्षा गर्न सचेत गराउनुपर्छ । एउटा पोखरीमा भएको दुर्घटना भोलि अर्को गाउँ वा बस्तीमा दोहोरिन सक्छ । त्यसैले जोखिमयुक्त पोखरीहरूको तत्काल पहिचान गरी सुरक्षा व्यवस्था लागू गर्नुपर्छ । पोखरी हाम्रो सम्पदा हुन्, तर ती कसैको मृत्युको कारण बन्नु हुँदैन् । पोखरी संरक्षणसँगै मानवीय जीवनको संरक्षणलाई पनि उत्तिकै महत्व दिनुपर्छ । नागरिकको ज्यान गइसकेपछि जिम्मेवारी खोज्नुको सट्टा ज्यान जोगाउन सकिने व्यवस्था पहिले नै गर्नुपर्छ । सरोकारवाला निकायको इच्छाशक्ति, प्रभावकारी अनुगमन र पोखरी सञ्चालकको जिम्मेवारी सुनिश्चित भए यस्ता दुर्घटना न्यूनीकरण गर्न सकिन्छ । यसका निम्ति ठोस निर्णय र कार्यान्वयन आवश्यक छ । जसमा तीन तहको सरकारबीच तालमेल मिलाउनु पर्छ ।

सार्वजनिक पोखरीमा अनधिकृत माछा .....

प्रक्रियामा नगएका सार्वजनिक पोखरीहरू गैरकानुनी रूपमा प्रयोग नगर्न तथा नगराउन सम्बन्धित सबैलाई सचेत गराउँदै अटेर गरी प्रयोग गरेको पाइएमा कानुनबमोजिम कारबाही हुने जनाएको छ ।

यता, गाउँपालिका अध्यक्ष सत्यनारायण यादवले पोखरी ठेक्काका लागि गाउँपालिकाले पटक-पटक सूचना प्रकाशित गरे पनि कसैले ठेक्का लिन चासो नदेखाउँदा गाउँपालिकाभित्रका पोखरीहरू ठेक्काबिना नै रहेको बताए ।

उनका अनुसार गत वर्ष छठ पर्वका बेला स्थानीयवासीको पहलमा पोखरी सफा गरिएको थियो । स्थानीय सन्तोष यादवले आफ्नै पहलमा पोखरीमा माछाका भुरा हाल्ने र हुर्काएपछि माछा मार्ने गरेको आफूले पनि सुनेको अध्यक्ष यादवले बताए ।

जिल्ला प्रशासन कार्यालयबाट उजुरीसम्बन्धी पत्र प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतलाई घटनाको सत्यतथ्य बुझेर आवश्यक प्रक्रिया अघि बढाउन निर्देशन दिएको उनले जानकारी दिए । साथै, सार्वजनिक पोखरीको ठेक्का प्रक्रिया पनि अघि बढाउन भनिसकेको अध्यक्ष यादवको भनाइ छ ।

यस विषयमा प्रतिक्रिया लिन विष्णुपुर गाउँपालिका-३ का वडाध्यक्ष जयकुमार यादव र आरोपित सन्तोष यादवसँग फोन सम्पर्क गर्ने प्रयास गरिए पनि सम्पर्क हुन सकेन ।

सार्वजनिक सम्पत्तिको संरक्षण तथा व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय सरकारको भए पनि सार्वजनिक पोखरीको ठेक्का प्रक्रिया, त्यसको प्रयोग र आम्दानीको पारदर्शितामाथि प्रश्न उठेको छ । प्रशासनमा परेको उजुरी र गाउँपालिकाले जारी गरेको सूचनापछि अब पोखरीको वास्तविक अवस्था, माछा मारिएको विषय तथा ठेक्का प्रक्रियाबारे हुने छानबिनले थप तथ्य उजागर गर्ने अपेक्षा गरिएको छ ।

आजको राशिफल

मेष : दिन राम्रो छ । शिक्षा र स्वास्थ्यमा सुधारका संकेत देखिने छन् । प्रेम सम्बन्ध सुमधुर बन्ने छ ।

बृष : दिन निकै राम्रो छ । शिक्षामा गरेको मिहिनेतको फल प्राप्त हुनेछ । परिवारको साथ सहयोग मिल्ने छ ।

मिथुन : दिन राम्रो छ । समाजमा तपाईंको कामको चर्चा हुनेछ । स्वदेशमा भन्दा विदेशी रमझमले मन आकर्षित गर्नेछ ।

कर्कट : राजनीति र सामाजिक क्षेत्रमा घाटा हुनेछ । खानपानमा ख्याल नगर्दा स्वास्थ्यमा समस्या हुन सक्ने देखिन्छ ।

सिंह : दिन राम्रो छ । शिक्षा र स्वास्थ्यमा सुधारका संकेत देखिने छन् । प्रेम सम्बन्ध सुमधुर बन्नेछ ।

कन्या : लगानीको क्षेत्रमा जोश र जाँगर बढ्ने छ । कृषि र जग्गा सम्बन्धी कारोबारमा घाटा हुनेछ । प्रेम सम्बन्ध सुमधुर बन्ला ।

तुला : दिन राम्रो छ । शिक्षामा गरेको प्रयास सफल हुनेछ । धार्मिक क्षेत्रमा मन जानेछ । परिवारको साथमा रमाइलो गर्ने दिन छ ।

वृश्चिक : विरोधी सक्रिय भएकाले काम गर्दा सचेत बन्नुपर्ने दिन छ । हरेक काममा परिवारको साथ सहयोग मिल्ने छ ।

धनु : आज यात्रा गर्दा सजग हुनुपर्नेछ । उपचारमा भए स्वास्थ्यमा लाभ हुने दिन छ ।

मकर : दिन राम्रो छ । सोचेका काम बन्नेछन् । हराएका सामान भेटिने सम्भावना छ ।

कुम्भ : दिन राम्रो छ । उपचारमा भए स्वास्थ्यमा सुधार हुनेछ । धार्मिक क्षेत्रका व्यक्तिसँगको भेटले मनमा शान्ति मिल्ने छ ।

मीन : तपाईंबाट फाइदा लिन खोज्ने सक्रिय छन् । खानामा अरुची बढ्ने छ । प्रेम सम्बन्ध सुमधुर बन्नेछ ।

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।



ज्योतिष डा. बिबेक पाण्डेय
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

जनकपुरधाम–अयोध्या रेलको समयतालिका

अपन दैनिक संवाददाता
सिरहा, मंसिर ०३ गते



जनकपुरधाम-अयोध्याबीच सञ्चालन हुन लागेको साप्ताहिक रेलसेवाको समयतालिका सार्वजनिक भएको छ। भारतीय रेल मन्त्रालय र रेलवे बोर्डले रेल सेवाको कार्यतालिका सार्वजनिक गरेको हो।

बोर्डले जनाएअनुसार १७ डिब्बा (कोच) भएको यो विशेष रेल जनकपुरधामबाट प्रत्येक शनिबार र अयोध्या क्यान्टबाट प्रत्येक सोमबार सञ्चालन हुनेछ।

नोभेम्बर २३ (मंसिर ७ गते) प्रधानमन्त्री बालेन्द्र शाह र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भर्चुअल माध्यमबाट हरियो झन्डा देखाएर रेल सेवा उद्घाटन गर्ने कार्यक्रम छ। रेल सेवा उद्घाटन कार्यक्रम उत्तर प्रदेशको लखनऊमा आयोजना गरिएको छ। प्रधानमन्त्री शाह आगामी मंसिर ६ गते भारत भ्रमणमा जाँदै छन्।

निर्धारित समयतालिकाअनुसार रेल नम्बर १५५९५ जनकपुरधाम-अयोध्या क्यान्ट साप्ताहिक एक्सप्रेस जनकपुरधामबाट प्रत्येक शनिबार नेपाली समयअनुसार दिउँसो १:१० बजे प्रस्थान गर्नेछ।

त्यसपछि यो रेल भारतीय समयअनुसार दिउँसो २:१० बजे जयनगर, साँझ ७ बजे सीतामढी र राति १०:५० बजे नरकटियागन्ज पुग्नेछ। त्यहाँबाट अगाडि बढ्दै बिहान ३:५५ बजे गोरखपुर हुँदै आइतबार बिहान ८:१० बजे अयोध्या क्यान्ट पुग्नेछ।


रेल नम्बर १५५९६ अयोध्याबाट भारतीय समयअनुसार प्रत्येक सोमबार साँझ ५:५० बजे जनकपुरधामका लागि प्रस्थान गर्नेछ। यो रेल राति १०:१३ बजे गोरखपुर, बिहान १:५० बजे नरकटियागन्ज र ४:४२ बजे सीतामढी आइपुग्नेछ। त्यस्तै मंगलबार बिहान ८:३० बजे जयनगर हुँदै दिउँसो १२:४० बजे जनकपुरधाम आइपुग्नेछ।

जनकपुरधाम–अयोध्या क्यान्ट साप्ताहिक एक्सप्रेसका बिसौनीहरू

जनकपुरधामबाट प्रस्थान गरेपछि यो रेल ११ वटा स्टेसनमा रोकिनेछ। यसमा जयनगर, मधुबनी, दरभंगाको सिसो, सीतामढी, रक्सौल, नरकटियागन्ज, गोखरपुर, बस्ती, मनकापुर र अयोध्याधाम स्टेसन सामेल छन्। रेलको प्राथमिक मर्मतमसम्भार जयनगरमा गरिनेछ भने नरकटियागन्ज र गोरखपुरमा पानी भर्ने व्यवस्था रहनेछ।

विवाहपञ्चमी महोत्सवको तयारी सुरु

अपन दैनिक संवाददाता
जनकपुरधाम, मंसिर ०३ गते



जकपुरधाममा प्रत्येक वर्ष धुमधामका साथ मनाईने विवाहपञ्चमी महोत्सवको तयारी सुरु भएको छ।

जानकी मन्दिरले प्रत्येक वर्षझैं यस वर्ष पनि विवाहपञ्चमी महोत्सवलाई भव्यता प्रदान गर्न तयारी सुरु गरेको छ। सो क्रममा (विहीबार) जानकी मन्दिरका महन्थ रामतपेश्वर दासको अध्यक्षतामा बसेको सर्वपक्षिय बैठकले महोत्सवलाई व्यवस्थित बनाउन विभिन्न उपसमितिहरु गठन गर्ने निर्णय गरेको छ।

बैठक सम्पन्न भएपछि जानकारी दिँदै मन्दिरका छोटे महन्थ राम रोशन दासले विगतका वर्षहरु झैं ७ दिनसम्म विवाहपञ्चमी महोत्सवका कार्यक्रमहरु विधिवत सम्पन्न गर्ने जानकारी दिए। उनका अनुसार यस वर्ष मंसिर २३ गते नगर दर्शनको कार्यक्रम हुने, मंसिर २४ गते फूलवारी लिला कार्यक्रम हुने, मंसिर २५ गते

बाँकी पृष्ठ ४ ▸▸



मधेशमा सत्ता गठबन्धनको जोडघटाउ, निर्वाचनसम्मको .....

मुख्यमन्त्री कृष्णप्रसाद यादवले विश्वासको मत पाउने सम्भावना नदेखेपछि २८ कार्तिकमा राजीनामा दिएका थिए। त्यसलगत्तै प्रदेश प्रमुख डा. सुरेन्द्रलाभ कर्णले संविधानको धारा १६८ को उपधारा (२) अनुसार दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत जुटाउन सक्ने प्रदेशसभा सदस्यलाई मुख्यमन्त्रीमा दाबी पेस गर्न आह्वान गरेका थिए। त्यसका लागि ४ मंसिर अपराह्न ४ बजेसम्मको समय तोकिएको छ।

छठ पर्वका कारण केही दिन राजनीतिक छलफल सुस्ताए पनि समयसीमा नजिकिएसँगै दलहरू सक्रिय भएका छन्। सम्भावित सत्ता समीकरणबारे छलफल गर्न विभिन्न दलका संसदीय दलका नेताहरू काठमाडौं पुगेका छन्।

जसपा नेपालका संसदीय दलका नेता सरोजकुमार यादव, एमालेका संसदीय दलका नेता सरोज यादव र नेपाली कम्युनिस्ट पार्टीका संसदीय दलका नेता युवराज भट्टराईसहितका नेताहरू गठबन्धन निर्माणको प्रयासमा छन्।

जसपा नेतृत्वमा एमालेको समर्थनको सम्भावना

प्रदेशसभाको सबैभन्दा ठूलो दल भएकाले जसपा नेपालले सरकारको नेतृत्वमा स्वाभाविक दाबी गरिरहेको छ। एमाले पनि जसपा नेपाललाई नेतृत्व दिन सकारात्मक देखिएको छ। एमालेका प्रमुख सचेतक हरिनारायण महतोका अनुसार बुधबार काठमाडौंमा जसपा नेपाल, एमाले र नेपाली कम्युनिस्ट पार्टीका नेताहरूबीच सरकार गठनबारे छलफल भएको थियो।

महतोले भने, 'दलका नेता सरोज यादवले जसपाका सांसदहरूसँग छलफल गर्नुभएको छ। छलफल सकारात्मक भएको जानकारी पाएको छु।'

तर, एमालेभित्र जसपा नेपाललाई नेतृत्व दिने विषयमा मात्रै होइन, आगामी निर्वाचनसम्मको राजनीतिक सहकार्यलाई लिएर पनि चासो देखिएको छ। निर्वाचन नजिकिँदै गर्दा सरकारलाई समर्थन गरेर पछि जसपा नेपाललले अन्य दलसँग चुनावी गठबन्धन गर्ने हो कि भन्ने आशंका एमालेका नेताहरूमा छ।

एमालेका एक प्रदेशसभा सदस्यले भने, 'एमाले जसपा नेपाललाई नेतृत्व दिन तयार छ। तर, अब निर्वाचन धेरै टाढा छैन। यस्तो अवस्थामा जसपाले विश्वासको मत लिएर फेरि निर्वाचनमा अन्य दलसँग गठबन्धन गर्छ कि गर्दैन भन्ने आशंका छ। निर्वाचनमा समेत एमालेसँगै सहकार्य गरेर जानुपर्ने हाम्रो पार्टीको जोड छ।'

जसपा नेपालका सांसद तथा पूर्वअर्थमन्त्री सञ्जय यादवले पनि विभिन्न दलसँग छलफल भइरहेको स्वीकार गरे। उनका अनुसार जसपा नेपाल, एमाले र नेपाली कम्युनिस्ट पार्टीबीच गठबन्धन बन्ने सम्भावना बलियो छ। तर, पार्टीभित्र यस विषयमा थप छलफल हुन बाँकी छ।

जसपासँग जनमत जाने सम्भावना न्यून

मधेशको सत्ता समीकरणमा जनमत पार्टीको भूमिका अर्को चासोको विषय बनेको छ। पार्टी अध्यक्ष डा. सीके राउतले आगामी निर्वाचनसम्म प्रदेश सरकारमा सहभागी नहुने सार्वजनिक अभिव्यक्ति दिएका छन्। जनमतको यो निर्णयले सरकार गठनको सम्भावित समीकरणमा नयाँ अन्योल सिर्जना गरेको छ।

प्रदेशसभामा १२ सांसद रहेको जनमत सरकारमा सहभागी नभए पनि उसको समर्थनले सत्ता गठबन्धनको अंकगणित प्रभावित गर्न सक्छ। जसपा नेपाल अहिले अग्रगामी मोर्चाको प्रमुख घटक हो भने जनमत उक्त मोर्चाको दोस्रो ठूलो दल हो। तर, जनमतले जसपा नेपालसँगै सरकारमा जाने सम्भावना अस्वीकार गरेको छ।

जनमतका उपाध्यक्ष तथा प्रदेशसभा सदस्य वसन्त कुशवाहाले आफ्नो पार्टी सरकारमा सहभागी नहुने निर्णयमा कायम रहेको बताए।

'जसपा नेपाल अग्रगामी मोर्चामा सहभागी रहेकाले उसँगै सरकारमा जाने सम्भावना न्यून देख्छु। जसपा नेपाल सरकारमा जाँदैमा जनमत भने सरकारमा जाँदैन,' उनले भने।

कुशवाहाले एमाले, कांग्रेस र नेपाली कम्युनिस्ट पार्टीबीच अर्को गठबन्धन बन्न सक्ने सम्भावनासमेत औंल्याएका छन्। केन्द्रमा केही नेताहरूले नेपाली कम्युनिस्ट पार्टीलाई सरकारको नेतृत्व दिने गरी छलफल गरिरहेको उनको दाबी छ।

अन्य प्रदेशमा कांग्रेसकै समर्थनमा नेपाली कम्युनिस्ट पार्टीले सरकारको नेतृत्व गरिरहेको उदाहरण दिँदै उनले मधेशमा पनि त्यस्तै समीकरण बन्न सक्ने बताए। 'कांग्रेस र एमालेबीच नेतृत्वलाई लिएर टकराव छ। तर, कांग्रेसलाई नेपाली कम्युनिस्ट पार्टीसँग कुनै समस्या छैन। त्यसकारण यो गठबन्धनको सम्भावना म देख्छु' उनले भने।

५३ सांसदको समर्थन जुटाउने चुनौती

मधेश प्रदेशसभामा सरकार गठनका लागि आवश्यक बहुमत जुटाउन ५३ सांसदको समर्थन आवश्यक छ। चार जना प्रदेशसभा सदस्यले राजीनामा दिएकाले हाल बहुमतको संख्या ५३ कायम भएको छ।

प्रदेशसभामा जसपा नेपालका २७, एमालेका २४ र नेपाली कम्युनिस्ट पार्टीका १७ सांसद छन्। यी तीन दलबीच मात्रै गठबन्धन बने ६८ सांसदको समर्थन पुग्छ। अर्थात्, जनमत पार्टीको समर्थनबिना पनि यी दलले सहजै बहुमत जुटाउन सक्छन्।

तर, अंकगणित सहज देखिए पनि राजनीतिक सहमति जुटाउन भने चुनौती छ। नेतृत्व कसले लिने, सरकारलाई कुन दलले कस्तो समर्थन गर्ने र आगामी निर्वाचनमा सहकार्यको आधार के हुने भन्ने विषयले गठबन्धनको अन्तिम स्वरुप निर्धारण गर्नेछ।

यता, नेपाली कांग्रेसका संसदीय दलका नेता तथा निवर्तमान मुख्यमन्त्री कृष्णप्रसाद यादवले भने सरकार गठनबारे अन्य दलसँग छलफल नभएको बताएका छन्। 'सरकार गठनका लागि अन्य दलहरू छलफलमा छन्। तर, हामीले अहिलेसम्म कुनै दलसँग छलफल गरेका छैनौं,' उनले भने।

प्रदेश प्रमुखले दिएको समयसीमा नजिकिँदै गर्दा मधेशको सत्ता राजनीतिमा नेतृत्वको दाबी र गठबन्धनको जोडघटाउ तीव्र बनेको छ। जसपा नेपाल नेतृत्वको गठबन्धन संख्यात्मक रूपमा बलियो देखिए पनि एमालेको चुनावी सहकार्यसम्बन्धी सर्त, नेपाली कम्युनिस्ट पार्टीको सम्भावित भूमिका र कांग्रेससहितको वैकल्पिक समीकरणले सरकार गठनको अन्तिम चित्र अझै स्पष्ट हुन सकेको छैन।





विवाहपञ्चमी महोत्सवको तयारी .....

धनुष यज्ञको कार्यक्रम हुने, मंसिर २६ गते तिलकोत्सव कार्यक्रम, मंसिर २७ गते मटकोर कार्यक्रम, मंसिर २८ गते दिउँसो स्वयम्बर र बेलुका विवाह उत्सव र मंसिर २९ गते रामकलेवा विधि हुनेछ ।

छोटे महन्थ दासका अनुसार प्रत्येक वर्ष हुने कार्यक्रमहरुको सम्पूर्ण व्यवस्थापन जानकी मन्दिरले गर्दै आएकोमा यस वर्ष केन्द्र सरकारका भौतिक पूर्वाधार तथा यातायात मन्त्री सुनिल लम्सालले विवाहपञ्चमी महोत्सवलाई पहिलेको वर्षहरु भन्दा थप भव्य र व्यवस्थित बनाउन आवश्य पर्ने सम्पूर्ण बजेट केन्द्र सरकारले दिने प्रतिबद्धता जाहेर गरेकाले सोही अनुसार आफूहरुले प्रपोजल तयार गरिरहेको बताए । उनले जनकपुर अयोध्या रेल सेवा सञ्चालन भएमा श्रद्धालुभक्तजनको संख्या अझः बढ्ने अपेक्षा गरिएको बताए ।

विवाहपञ्चमी महोत्सवमा प्रत्येक वर्ष लाखौं श्रद्धालुहरु नेपाल सहित भारतबाट जनकपुरधाम आउने गर्छन् ।

स्थानीय र प्रदेश चुनावबारे दलहरूको .....

मताधिकार दिनुपर्ने आवाज उठिरहेपनि कानुनी र व्यवस्थाकीय जटिलताको बारेमा कमै छलफल र बहस हुने गरेको छ । विदेशमा बस्नेहरूका लागि मतदानको व्यवस्था गरिएका देशहरूमा सुरु वर्षहरूमा उत्साहजनक मत खस्ने गरेको र त्यो क्रम विस्तारै घट्ने गरेको ती आयुक्तले सुनाए ।

उनी भन्छन्,'विदेशमा बस्नेका लागि मताधिकारको लागु भएका देशमा के देखिएको छ भने सुरु सुरुमा उत्साह हुने हुँदा मत प्रतिशत बढी खस्ने गरेको र विस्तारै मतदानको प्रतिशत घट्दै गएको देखिन्छ ।'

स्थानीय र प्रदेश निर्वाचन एकसाथ सम्भव छ ?

२०७२ सालको संविधान जारी भएपछि शुरुमा स्थानीय तहको निर्वाचन गर्ने अनि छ महिनापछि संघीय र प्रदेश तहको निर्वाचन एकसाथ गर्ने अभ्यास भयो । २०७४ र २०७९ सालको अभ्यास २०८२ सालको जेन-जी आन्दोलनका कारण भंग भयो अनि फागुन, २०८२ मा प्रतिनिधिसभाको मात्रै निर्वाचन भयो ।

अहिले चैत-वैशाखमा स्थानीय निर्वाचन गरेपछि फेरि छ महिनापछि मंसिरमा प्रदेश निर्वाचन गर्नुपर्छ । कतिपयले त्यसको साटो स्थानीय र प्रदेश निर्वाचन नै एकसाथ हुनुपर्ने माग पनि गरेका छन् । तर निर्वाचन आयोगले यसबारेमा कुनै धारणा नबनाएको बताउँछन्, आयुक्त वाग्ले । उनका अनुसार, त्यसैका लागि दलका शीर्ष नेताहरूलाई छलफलमा डाकिएको हो ।

स्थानीय तह निर्वाचनमा मतदाताहरूले सातवटा पदमा मतदान गर्नुपर्छ। प्रमुख, उपप्रमुख सहित वडाध्यक्ष, दुई वडा सदस्य र एक/एक महिला र दलित सदस्य गरी कुल सात ठाँउमा मत दिँदा मतदाताहरू अल्मलिएकाले अघिल्लो स्थानीय निर्वाचनमा बदर मतको अनुपात बढेको थियो ।

त्यतिबेलाको समीक्षामा मतदान प्रक्रिया सुधार गरी प्रमुख र उपप्रमुखका लागि छुट्टै अनि वडा तहका जनप्रतिनिधिहरूका लागि छुट्टै गरी दुईथरी मतपत्र बनाउन उपयुक्त हुने सुझाव समेत आएको थियो ।

निर्वाचन आयोगका कतिपय कर्मचारीहरू, अहिले स्थानीय र प्रदेशको निर्वाचन गरेमा मतदाताहरूले कुल ९ ठाँउमा मतदान गर्नुपर्ने, कम्तिमा तीनवटा मतपत्र चाहिने र त्यसले मतदाताहरूलाई अल्मल्याउने जोखिम देख्छन् । अर्कोतर्फ एउटै स्थानीय तहका मतदाताहरूले प्रदेश तहमा फरक/फरक उम्मेद्वारहरूलाई मत दिनुपर्दा मतदाता झुक्किन्छन् ।

तर त्यसको अर्को पाटो पनि छ । निर्वाचनको आर्थिक व्यवस्थापन सम्बन्धी काम गरेका अधिकारीहरूको मोटामोटी आंकलन अनुसार, अबको स्थानीय निर्वाचनका लागि करिब ६ अर्ब र प्रदेश तह निर्वाचनका लागि करिब ५/६ अर्ब खर्च लाग्ने देखिन्छ ।

छुट्टाछुट्टै दुवै निर्वाचन गरेमा खर्चको आकार १२/१४ अर्बभन्दा बढी हुनसक्छ । तर एकैसाथ दुवै निर्वाचन गर्ने हो भने एउटै खर्चले काम हुने भएकाले खर्चको आकार केही घट्न सक्छ ।

चुनावका क्रममा सुरक्षा निकायहरूबाट छुट्टै रकम खर्च हुन्छ । तीनवटै सुरक्षा निकायबाट प्रत्येक निर्वाचनमा २५/३० अर्ब हाराहारीमा खर्च हुँदा दुईवटा निर्वाचनमा करिब ५०/६० अर्ब खर्च हुने देखिन्छ । अर्कोतर्फ हरेक निर्वाचनमा करिब दुई/तीन महिना राज्यका नियमित कामकारवाही, विकास निर्माण र अरु काम प्रभावित हुन्छन् ।

निर्वाचन आयोगका पदाधिकारीहरूका अनुसार, राष्ट्रिय मान्यताप्राप्त दलहरूको सर्वसम्मत सहमति भएको अवस्था बाहेक स्थानीय र प्रदेश निर्वाचन एकसाथ हुने सम्भावना देखिँदैन ।

उनीहरूले त्यसलाई संकेत गर्दै जनप्रतिनिधिहरू निर्वाचित भएदेखि सुरु भएको पदावधि र संवैधानिक व्यवस्था अनुसार नै नियमित निर्वाचनहरू हुने बताउँछन् ।

आज हरिबोधिनी एकादशी



अपन दैनिक संवाददाता सिरहा । कार्तिक शुक्ल एकादशीका दिनमा भगवान् विष्णुको प्रतीकका रूपमा तुलसीको दामोदरसँग विवाह र विशेष पूजा गरी मनाइने हरिबोधिनी एकादशी पर्व आज मनाइँदै छ । आषाढ शुक्ल एकादशी अर्थात् हरिशयनी एकादशीका दिनमा क्षीर सागरमा सुतेका विष्णु ब्युँझिने भएकाले आजको एकादशीलाई हरिबोधिनी वा प्रबोधिनी एकादशी पनि भनिन्छ ।

हरिशयनीदेखि हरिबोधिनी एकादशीका दिनसम्म चार महिना विष्णुका भक्तले तुलसीको व्रत गरी विशेष पूजा गर्दछन् । विष्णु क्षीर सागरमा सुतेकाले यी चार महिना विवाह व्रतबन्धजस्ता मांगलिक कार्य नगरिने परम्परा छ । यस समयमा खोला, नदीनालामा बाढीपहिरो आउने र सर्पजस्ता जीवको भयका कारण यात्रा नगर्नु शुभ मानिन्छ ।

हरिशयनी एकादशीका दिन घरघरमा रोपेर विशेष पूजा गरिएको तुलसीको मठमा गाईको गोबर र रातो माटोले पोतेर सिँगारी फूलमालाले सजाएर आज विवाह गरिन्छ । तुलसी विष्णुप्रिया भएकाले यस दिन तुलसीको दामोदरसँग विवाह गर्ने परम्परा बसेको हो । तुलसीको मठनजिकै विष्णुको प्रतीकका रूपमा निगालाको लिंग गाडेर विधिपूर्वक पूजा गरिन्छ । कार्तिक महिनाभर सबै देवदेवी तुलसीमै निवास गर्छन् भन्ने धार्मिक विश्वास छ ।

आदिकालदेखि पूजाको परम्परा बसेको तुलसीको महिमा वैज्ञानिक रूपमा पनि लाभदायक प्रमाणित भएको छ । यसैले तुलसीको मठ हुने घरलाई तीर्थ समान मानिन्छ । तुलसीको सुगन्धले दश दिशा पवित्र हुन्छ भनिन्छ । तुलसीको पूजा गरिएको घरमा यमदूत पनि पस्दैनन् भन्ने आस्थाका कारण हिन्दू धर्मावलम्बीले घरमा तुलसीको मठ बनाउँछन् ।

लागुऔषध खैरो हिरोइनजस्तो देखिने पदार्थसहित एक पक्राउ



अपन दैनिक संवाददाता सिरहा, मंसिर ०३ गते

पूर्व-पश्चिम लोकमार्गअन्तर्गत सिरहाको गोलबजार नगरपालिका-२, गागन खोलानजिकबाट प्रहरीले कडा खालको मानिने प्रतिबन्धित लागुऔषध खैरो हिरोइनजस्तो पदार्थसहित एकजनालाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार लोकमार्ग भएर पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको स.५प ६९६६ नम्बरको मोटरसाइकल चढेका सिरहाको धनगढीमाई नगरपालिका-८, कसहा घर भएका करिब वर्ष २४ का पारस यादवलाई बुधबार साँझ खैरो हिरोइनजस्तो देखिने पदार्थ प्लास्टिकबाहेक सात ग्राम दुई मिलिग्रामसहित पक्राउ गरिएको हो ।

इलाका प्रहरी कार्यालय गोलबजार र महोत्तरीको बर्दीबासस्थित लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालयबाट खटिएको संयुक्त प्रहरी टोलीले यादवलाई खैरो हिरोइनजस्तो देखिने पदार्थ र एक थान स्क्रिन टच मोबाइलसहित पक्राउ गरी गोलबजार प्रहरीमा राखेर थप अनुसन्धान कार्य भइरहेको सिरहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए ।

७७ जिल्लामै पुग्यो सरकारी कुरियर सेवा, घरमै पुग्दै राहदानीदेखि .....

शैक्षिक प्रमाणपत्रतर्फ २६५ वटा प्रमाणपत्र ढुवानी तथा वितरण गरिएको छ ।

त्यस्तै, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाका एक हजार ७२९ वटा नमूना ढुवानी गरिएको छ । स्वास्थ्य बीमा बोर्डसँग सम्झौता भएका १८ वटा अस्पतालका लागि १७१ बोरा स्वास्थ्य सामग्री ढुवानी गरिएको विभागले जनाएको छ ।

नेपाल टेलिकमका सिमकार्ड तथा अन्य सामग्रीतर्फ २२१ वटा सम्बन्धित कार्यालयसम्म ढुवानी गरिएको र ४४ वटा सिमकार्ड व्यक्तिको घरसम्मै वितरण भएको छ ।

त्यस्तै, राष्ट्रिय स्वास्थ्य, शिक्षा, सूचना तथा सञ्चार केन्द्रका ४४ हजार १८५ थान सामग्री ढुवानी गरिएको छ ।

विभागका महानिर्देशक मनमाया भट्टराई पँगेनीका अनुसार हुलाक सेवाको प्रभावकारिता र पहुँच क्रमशः बढ्दै गएको बताए । हुलाक सेवाप्रति नागरिकको विश्वास बढेको छ । संस्थाले सम्मान पाउन थालेको छ । गाउँगाउँसम्म सेवा विस्तार भएको छ भने अन्तरराष्ट्रिय कुरियर सेवाको सङ्ख्या र कारोबार बढिरहेको छ । "युनिभर्सल पोस्टल युनियनको मूल्याङ्कनमा नेपालको अङ्क बढ्नु हुलाक सेवामा भइरहेको सुधारको सकारात्मक सङ्केत हो," उनले भने, "केही समय अघिसम्म रुग्ण अवस्थामा रहेको हुलाक अब उठ्छ र एउटा गतिमा जान्छ भन्ने आत्मविश्वास पलाएको छ ।"

यद्यपि, सीमित स्रोतसाधन, बजेट अभाव र प्राविधिक जनशक्तिको कमी जस्ता चुनौती अझै कायम रहेको महानिर्देशक पँगेनीले बताउनुभयो ।

अन्तरराष्ट्रिय रुपमा पहिचान बनाउँदै

नेपालले विश्व हुलाक सङ्घ (युनिभर्सल पोस्टल युनियन-युपियू) को सदस्य राष्ट्रका रूपमा आफ्नो भूमिका तथा उपस्थिति बढाउँदै लगेको छ ।

लेटर पोस्ट कम्पेन्डियम र पार्सल पोस्ट कम्पेन्डियम अद्यावधिक गरी पठाइएको विवरण युपियूबाट प्रकाशित भएको छ ।

त्यस्तै, नेपाल र नेदरल्यान्ड्सबीच हुलाक वस्तु ढुवानीलाई सहज बनाउने विषयमा बेल्जियमस्थित नेपाली दूतावासको समन्वयमा नेदरल्यान्ड्स पोस्ट र नेपाल पोस्टबीच छलफल चलिरहेको छ ।

हुलाक सेवाको आधुनिकीकरण तथा दुर्गम क्षेत्रमा सेवा विस्तारको पहलका लागि हुलाक सेवा विभागले अन्तरराष्ट्रिय सम्मान पनि प्राप्त गरेको छ ।

हुलाकले नागरिकको घरदैलोमा सेवा सुरु गरेबापत एसिया-प्रशान्त हुलाक सङ्घ (एपिपियू) को 'आउटस्ट्यान्डिङ इनिसिएटिभ्स सर्भिस इन रिमोट एरियाज' पुरस्कार प्राप्त गरेको छ ।

पछिल्लो समय गोश्वारा हुलाक कार्यालयमार्फत अन्तरराष्ट्रिय कुरियरको सङ्ख्या र त्यसको कारोबार उल्लेख्य रुपमा बढेको महानिर्देशक पँगेनीले बताउनुभयो ।

प्रभावकारी बन्दै अन्तर निकाय समन्वय

विभागका अनुसार सरकारी सेवा घरमै उपलब्ध गराउने उद्देश्यले विभिन्न जिल्ला प्रशासन कार्यालय, अस्पताल, सरकारी निकाय तथा सेवा प्रदायक संस्थासँग सहकार्य गरी वितरण प्रणाली व्यवस्थित बनाइएको छ ।

विभागले सरकारी सेवा तथा सामग्री घरदैलोमा पुऱ्याउन विभिन्न निकायसँग सम्झौता गरी वितरण प्रणालीलाई व्यवस्थित बनाउँदै लगेको छ ।

विभागले राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालासँग पूरक सम्झौता गरी प्रयोगशालासम्बन्धी सामग्री ढुवानीलाई प्रभावकारी बनाउँदै लगेको छ ।

हुलाक सेवा विभाग र राष्ट्रिय स्वास्थ्य, शिक्षा, सूचना तथा सञ्चार केन्द्रबीच २०८३ जेठ १ गते भएको सम्झौताअनुसार डाँक तथा सामग्री ढुवानीलाई निरन्तरता दिइएको छ ।

नेपाल टेलिकमबाट वितरण गरिने सिमकार्डलगायत सामग्री हुलाकमार्फत ढुवानी गर्ने सम्बन्धमा २०८३ जेठ १८ गते सम्झौता भएको थियो ।

सो सम्झौताअनुसार सिमकार्ड बाहेक अन्य सामग्री विभाग मातहतका कार्यालयमार्फत ढुवानी गर्ने काम साउन १ गतेदेखि सुरु गरिएको थियो ।

त्यस्तै, स्वास्थ्य बीमा बोर्डको सामग्री ढुवानीका लागि पनि २०८३ जेठ १८ गते सम्झौता भएको र जेठ १९ गतेदेखि स्वास्थ्यसम्बन्धी सामग्री ढुवानी भइरहेको विभागले जनाएको छ ।

राहदानी, चिट्ठीपत्र तथा अन्य सामग्री जिल्ला प्रशासन कार्यालयसम्म पुऱ्याउन राहदानी विभाग र हुलाक सेवा विभागबीच २०८३ जेठ १९ गते सम्झौता गरिएको थियो । जसअनुसार गत साउन १ गतेदेखि डाँक ढुवानी कार्य सुरु भएको छ ।

त्यस्तै, भूमि व्यवस्था तथा अभिलेख विभागसँग २०८३ साउन ८ गते जग्गाधनी प्रमाणपुर्जा तथा सरकारी कागजात ढुवानी र वितरणसम्बन्धी सम्झौता गरिएको थियो ।

विभागले जनक शिक्षा सामग्री केन्द्र लिमिटेडसँग हुलाक टिकट छपाइसम्बन्धी सम्झौता गरेको छ ।

त्रिभुवन विश्वविद्यालयसँग विद्यार्थीका शैक्षिक प्रमाणपत्रलगायत हुलाक वस्तु ढुवानी तथा वितरण गर्ने विषयमा २०८३ कार्तिक १७ गते सम्झौता भएको छ ।

यसबाट विद्यार्थीले शैक्षिक प्रमाणपत्र घरमै प्राप्त गर्ने सेवा विस्तार गर्ने लक्ष्य राखिएको छ ।

सवारी चालक अनुमतिपत्र वितरणलाई घरदैलोमा पुऱ्याउने सरकारको योजना पनि प्रभावकारी देखिएको छ ।

सवारी चालक अनुमतिपत्रलाई अनलाइन प्रणालीबाटै सेवाग्राहीको घरमा पुऱ्याउन हुलाकको पिआइटिएस (पिट्स) प्रणाली र यातायात व्यवस्था विभागको इडिएलभिआरएस प्रणालीबीच अन्तरआबद्धता गरिएको छ ।

यसका लागि हुलाक सेवा विभाग, यातायात व्यवस्था विभाग र सुरक्षण मुद्रण केन्द्रबीच २०८३ असोज ६ गते त्रिपक्षीय समझदारीपत्रमा हस्ताक्षर भएको हो । यो सम्झौतापछि अनुमतिपत्र ढुवानी तथा वितरण सहज बन्दै गएको विभागले जनाएको छ ।

डाँक ढुवानी तथा वितरण प्रणालीमा सुधार

हुलाक सेवा विभागले डाँक ढुवानीलाई प्रभावकारी बनाउन हवाई तथा सडक मार्गको प्रयोग बढाउँदै विभिन्न संस्थासँग सहकार्य गरिरहेको छ ।

विभाग र यती एयरलाइन्सबीच २०८३ जेठ ८ गते सम्झौता भई हवाई मार्गबाट आन्तरिक डाँक ढुवानी भइरहेको छ ।

आर्थिक वर्ष २०८३/८४ का लागि हवाई डाँक ढुवानी सम्झौता २०८३ असोज २१ गते नवीकरण गरिएको छ । अन्तरराष्ट्रिय डाँक ढुवानीका लागि १४ वटा गन्तव्यको मार्ग योजना तयार गरिएको विभागले जनाएको छ ।

हुलाकका सेवा सुधारका क्रममा थप काउन्टर स्थापना गर्ने तथा वैकल्पिक डाँकमार्ग पहिचान गर्ने काम पनि विभागले गरिरहेको छ ।

विपद्का समयमा पोखराबाट मुस्ताङ जाने डाँकका लागि वैकल्पिक मार्गका रूपमा मल्लाज हुँदै ढुवानी गर्ने व्यवस्था मिलाइएको छ ।

दक्षिणी ललितपुर र मकवानपुर क्षेत्रको डाँक ढुवानी सहज बनाउन गोदावरी नगरपालिकाको चापागाउँमा हुलाक काउन्टर स्थापना गरिएको छ । उक्त काउन्टरबाट डाँक ढुवानी सेवा सञ्चालन भइरहेको छ ।

कानुनी तथा प्रशासनिक सुधार

सरकारी कुरियर सेवाका रुपमा हुलाकलाई विस्तार गर्ने सरकारी योजनालाई कानुनी रुपमा मूर्त रुप दिन हुलाक सेवा ऐनलाई संशोधन तथा परिमार्जन गर्ने कार्य पनि सँगसँगै अघि बढेको छ ।

हुलाक सेवा ऐनको मस्यौदा तयार भई हाल मन्त्रालयमा पेस गरिसकिएको छ । विभागले प्रशासनिक तथा वित्तीय सुधारलाई पनि प्राथमिकतामा राखेको छ ।

महालेखा परीक्षकको ६३औं वार्षिक प्रतिवेदनमा औंल्याइएको बेरुजु फछ्यौंटलाई प्राथमिकतामा राखेको छ ।

त्यसैगरी, विभागले अन्तरराष्ट्रिय डाँक लेखा प्रणाली सुदृढीकरणसम्बन्धी अध्ययन प्रतिवेदन तयार गर्नाका साथै डाँक ढुवानी, अन्तरराष्ट्रिय सेवा, शुल्क निर्धारण, सेवा विस्तार र प्रविधिको प्रयोगमा सुधारका कार्यक्रम अघि बढाएको छ ।

